संघीय संसद
राष्ट्रिय सभा
बाह्रौं अधिवेशन
बैठक - ४०
सूचनापत्र -२
(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०० बजे*
*बैठक स्थगित : ११:०५ बजे*

२०७९ साउन ९, सोमबार (पहिलो)

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **चालिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त विधेयक टेबुल गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयाललाई नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६" र "ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराउन समय उपलब्ध गराउनुभएपछि राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले उक्त सन्देश सभा समक्ष जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीलाई "खानेपानी तथा सरसफाइ विधेयक, २०७६ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त माननीय मन्त्रीले प्रस्ताव पेश गरेपछि सम्माननीय अध्यक्षले सो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सभाबाट स्वीकृत भएकव थियो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **सोही दिन १० मिनेटपछि** बस्ने गरी सो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव